ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ | संख्या : १० | प्रमाणिकरण : २०७५।०६।०१
प्रकाशन मिति : २०७५।०६।०१

## भाग - २

## ठाकुरबाबा नगरपालिका

### ठाकुरबाबा स्थानीय विकास कोष (स्थापना र संचालन) कार्य संचालन कार्यविधि, २०७५

**१. पृष्ठभुमी :-**

राजनैतिक विभाजन अनुसार प्रदेश नम्बर पाँच अन्तर्गत बर्दिया जिल्लाको मध्य उत्तर खण्डमा अवस्थित यस नगरपालिकाको पूर्वमा बबई नदी, पश्चिम र उत्तरमा बर्दिया राष्ट्रिय निकुञ्ज तथा दक्षिणमा मधुवन नगरपालिका पर्दछ । साबिकका चारवटा गाउँ विकास समितिहरु बगनाहा, नेउलापुर, शिवपुर र ठाकुरद्वाराले ओगटेको १०४.५७ वर्ग किलोमीटर क्षेत्रफललाइ ९ वटा वार्डमा बिभाजन गरि ठाकुरबाबाको नामबाट यस स्थानीय तहको नामाकरण गरिएको छ । रास्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकामा

२४,४१३ महिला र १९,९४८ पुरष गरि जम्मा जनसंख्या ४४,३१६ रहेको छ । उक्त जनसंख्याको साठी प्रतिशत भन्दा बढी आदिवासी थारु जातिको बसोबास यस नगरपालिकामा रहेको छ । तर वार्षिक जनसंख्या वृद्धिदर, बाहिरबाट हुनेगरेको बसाईसराइ तथा बैदेशिक रोजगार र अन्य शिलशिलामा नगरपालिका बाहिर रहेको जनसंख्यालाई एकीकृत गर्ने हो भने यस नगरपालिकाको जनसंख्या लगभग साठी हजार हुनपुग्छ । तर पनि यस नगरपालिका भित्र हाल ८,६५२ घरधुरीमा रहेका जनतासंग शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, ढल निकास, सिचाई, कृषि, पर्यटन, जैविक विविधता, वन र वन्यजन्तु, सहकारी, बजार सृजना, प्रविधी, बिधुत्त, सञ्चार र प्राकृतिक प्रकोप, लगायतका थुप्रै क्षेत्रसंग सम्बन्धित संभावना र चुनौती दुवै छन् । अशिक्षा, गरिबी र बेरोजगारी यहाँका प्रमुख समस्याको रुपमा रहेका छन् । त्यसकारण बिपन्न समुदायहरुलाई संगठित गर्दै भएको स-सानो पुँजीलाई एकीकृत गरि परिचालान गर्ने र बाह्य श्रोतबाट समेत टेवा पुर्याउदै बिपन्न समुदायलाई स्वरोजगार तर्फ लैजाने तथा स-साना स्वरोजगारमा आवद्द उद्दमिहरुलाई क्रमश सहकारी एबं वित्तीय संस्था हरुसम्म पहुच पुर्याउदै ब्यबशायिकता तर्फ डोर्याउदै लैजानेगरि ठाकुरबाबा नगर बिकाश कोषको स्थापना गरिएको छ र उक्त नगर बिकास कोष संचालन गर्नका लागि यो ठाकुरबाबा नगर बिकास कोष संचालन कार्यविधि तयार गरिएको हो ।

**२ संक्षिप्त नाम र प्रारम्भ :-**

क) यो कार्य संचालन कार्यविधिको नाम ठाकुरबाबा स्थानीय विकास कोष (स्थापना र संचालन ) कार्य संचालन कार्यविधि, २०७५ रहने छ ।

ख) यो कार्य संचालन कार्यविधि ठाकुरबाबा नगरपालिकाको नगर कार्यपालिका बाट स्वीकृत भएपछी लागु हुनेछ ।

**३.परिभाषा**

क) "कार्य संचालन कार्यविधि" भन्नाले, ठाकुरबाबा स्थानीय विकास कोष (स्थापना र संचालन) कार्यसंचालन कार्यविधि २०७५ लाई जनाउने छ ।

ख) "ऐन" भन्नाले स्थानिय सरकार संचालन ऐन २०७४ लाई जनाउने छ ।

ग) "कोष" भन्नाले ठाकुरबाबा स्थानीय विकास कोषलाई जनाउने छ ।

घ) "समिति" भन्नाले ठाकुरबाबा स्थानीय विकास कोष को ब्यबस्थापन र संचालन गर्न गठित संचालक समितिलाई जनाउने छ ।

ङ) "अध्यक्ष" भन्नाले ठाकुरबाबा स्थानीय विकास कोष समितिको अध्यक्षलाई जनाउने छ ।

च) "सदस्य" भन्नाले ठाकुरबाबा स्थानीय विकास कोष समितिको सदस्यहरुलाई जनाउने छ ।

छ) "सहकारी" भन्नाले ठाकुरबाबा नगरपालिका भित्र विधिवत रुपमा दर्ता भएका सहकारी संस्थाहरु लाइ जनाउने छ /

ज) "सदस्य सचिव" भन्नाले ठाकुरबाबा स्थानीय विकास कोष को कार्यक्रम हेर्ने गरि खटिएका वा स्थानिय तहले सदस्य सचिवको कार्य गर्नेगरी जिम्मेवारी तोकेको कर्मचारीलाई बुझाउने छ ।

ज) "कार्यक्रम" भन्नाले स्थानिय विकास कोषबाट स्थानिय तहमा संचालनमा रहि हाल ठाकुरबाबा स्थानीय विकास कोष मा हस्तान्तरण संचालित कार्यक्रमलाई जनाउने छ ।

झ) "सामुदायिक संस्था" भन्नाले बस्तीस्तरमा महिला तथा पुरुष समुहहरु छुट्टाछुट्टै वा मिश्रित रुपमा संगठित भएका समुहलाई जनाउने छ ।

ञ) "घुम्तीकोष" भन्नाले ठाकुरबाबा स्थानीय विकास कोष मार्फत लक्षित बर्गको आयआर्जन बिकास, ब्यबशाय प्रबर्धन र स्वरोजगारका लागि लघुकर्जाको रुपमा लगानी गरिने रकमलाई जनाउने छ ।

ट) "आम्दानी" भन्नाले स्थानिय विकास कोषबाट आम्दानी शिर्षकमा प्राप्त रकम र घुम्तिकोष परिचालन बाट प्राप्त हुने ब्याज, हर्जाना र सेवाशुल्क बापतको रकमलाई जनाउने छ

**४. उद्देश्यहरु**

क) जिल्ला समन्वय समिति मार्फत संचालित स्थानिय विकास कोषको कार्यक्रम र बजेटलाई स्थानिय तहमा हस्तान्तरण गरि प्रभावकारी रुपले कार्यक्रम संचालन गर्ने।

ख) स्थानिय निर्णय प्रकृया एवं श्रोत परिचालनमा सामुदायिक संस्था र विपन्न समुदायहरुको पहुँच अभिबृद्धि गर्न सशक्तिकरण गर्ने ।

ग) स्थानिय स्तरमा उपलब्ध हुने श्रोत र साधनको समुचित रुपमा परिचालन गर्न सक्षम नेतृत्वको विकास गर्ने ।

घ) स्थानिय स्तरमा छरिएर रहेको पुँजीलाई एकिकृत गरि लघुकर्जा वा घुम्तीकोष मार्फत आयआर्जन अभिबृद्धि गरि गरिवी न्युनीकरणमा टेवा पुर्याउने ।

ङ) बैंक, सहकारी तथा वित्तिय संस्थासम्म पहुँच नपुगेका विपन्न समुदायहरुलाई सामुहिक जमानीमा लघुकर्जा प्रदान गर्दै स्वरोजगारीको सृजना गर्ने ।

च) विपन्न समुदायका सदस्यहरुलाई संगठित गर्दै आपसी सहयोग, सदभाव र सामाजिक एकता कायम गर्न सहयोग पुर्याउने ।

छ) सामाजिक विकृति, विसंगति र अन्धविश्वासलाई न्युनीकरण गर्दै संस्कृतिको संरक्षण र जगेर्ना गर्न अभिप्रेरित गर्ने ।

ज) लैंगिक समानता तथा सामाजिक समावेशीकरण, वालमैत्री ब्यबहार, वातावरण संरक्षण गर्दै दिगो विकासमा सघाउ पुर्याउने

**५.ठाकुरबाबा स्थानीय विकास कोष को स्थापना**

ठाकुरबाबा नगरपालिका भित्र लघुकर्जा वा घुम्तीकोष मार्फत आयआर्जन क्रियाकलाप संचालन गर्दै स्वरोजगार सृजना र गरिवी न्युनीकरण गर्न नगरपालिका अन्तर्गत एउटा कोषको स्थापना गरिने छ जसको नाम "ठाकुरबाबा स्थानीय विकास कोष " रहने छ।

**६.संचालक समितिको गठन**

क) ठाकुरबाबा स्थानीय विकास कोष संचालन र ब्यबस्थापनका लागी देहाय बमोजिमका सदस्यहरु रहेको एक संचालक समिति गठन गरिने छ ।

| | |
|---|---|
| **१. नगरप्रमुख** | **अध्यक्ष** |
| **२. प्रमुख प्रशासकिय अधिकृत** | **सदस्य** |
| **३. न.पा. का दलित महिला सदस्य मध्येबाट छानिएको एकजना प्रतिनिधि** | **सदस्य** |
| **४. न.पा.मा कार्यरत सहकारी वा वित्तिय संस्थाहरु मध्येबाट नगर प्रमुखले तोकेको एकजना प्रतिनिधि** | **सदस्य** |
| **५. न.पा.ले तोकेको ठाकुरबाबा स्थानीय विकास कोष हेर्ने कर्मचारी एक जना** | **सदस्य सचिव** |

**नोट : ठाकुरबाबा स्थानीय विकास कोष मार्फत कुनै सरकारी निकाय वा गैरसरकारी संस्थाले कार्यक्रम संचालन गर्न चाहेमा त्यस्ता निकाय वा गै.स.स.का प्रतिनिधिलाई आवश्यकताको आधारमा ठाकुरबाबा स्थानीय विकास कोष को बैठकमा आमन्त्रित गर्न सकिनेछ ।**

**७.संचालक समितिका सदस्यहरुको पदावधि**

क) जनप्रतिनिधिहरु र सदस्य सचिवको हकमा सम्वन्धित पदमा बहाल रहेको अवधि सम्मलाई मानिने छ ।

ख) सहकारी वा वित्तिय संस्थाबाट छनौट हुने प्रतिनिधिको पदावधि छनौट भएको मितिले बढीमा ५ बर्षको हुनेछ ।

ग) समितिका सदस्यहरु पुनः छनौट वा मनोनित हुनका लागी यस कार्यविधिले बाधा पुर्याएको मानिने छैन /

घ) समितिका सदस्यले स्वेच्छाले पदत्याग गर्न चाहेमा आफ्नो राजीनामा लिखित रुपमा अध्यक्ष समक्ष पेश गर्नुपर्ने छ । अध्यक्षले स्वीकृत गरेको मिति देखि मात्र त्यस्तो राजीनामा लागु हुनेछ ।

ङ) मृत्यु, राजीनामा, अयोग्यता, बर्खास्ती वा अन्य कुनै कारणबाट कुनै सदस्यको स्थान रिक्त भएमा बाँकी अवधिका लागी नयाँ सदस्य जुन प्रक्रिया बाट छनौटभइ आएको हो सोहि प्रक्रियाबाट छनौट गरिनेछ ।

च) समितिका कुनै सदस्यले यस कार्यविधिको भावना विपरित कार्य गरेमा, समितिको दुई तिहाई बहुमतबाट त्यस्ता सदस्यलाई पदमुक्त गर्न सकिने छ ।

छ) समितिका सदस्यहरु आफुले प्रतिनिधित्व गरेको संस्थाको पदमा नरहेको हकमा समितिको सदस्य पदबाट स्वतः हट्नेछन् ।

**८. समितिको बैठक**

क) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।

ख) समितिको बैठक समितीका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

ग) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउने छन् ।

२) लगातार चार महिनासम्म बैठक नबसेको वा समितीका कुनै तीन जना सदस्यहरुले बैठक बोलाउन लिखित रुपमा माग गरेको अवस्थामा अध्यक्षले बैठक बोलाउनु पर्नेछ

घ) समितिको बैठक बस्ने सुचना र छलफल गरिने विषयहरु बैठक बस्ने मिति भन्दा कम्तीमा ४८ घण्टा अगावै सदस्यहरुलाई दिनुपर्नेछ तर नियमित रुपमा बस्ने बैठकको हकमा २४ घण्टा अगावै सुचना दिन सकिने छ ।

ङ) बैठकको गणपुरक संख्या कुल सदस्य संख्याको सामान्य बहुमत मानिनेछ ।

च) समितिको निर्णय उपस्थित सदस्यहरुको बहुमतबाट हुनेछ तर मत बरावर भएको अवस्थामा अध्यक्षले निर्णायक मत दिनेछन ।

छ) ठाकुरबाबा स्थानीय विकास कोषको अध्यक्षता अध्यक्षले गर्ने छन् । अध्यक्ष अनुपस्थित भएमा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछन् ।

ज) समितिले नगरपालिकाका पदाधिकारी, साझेदार संस्थाका प्रतिनिधि तथा विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ तर त्यस्ता आमन्त्रित ब्यक्तिलाई मतदान गर्ने अधिकार हुनेछैन ।

झ) बैठकमा भएका निर्णयहरु सदस्य सचिवले कार्यान्वयन गर्नुपर्नेछ ।

ञ) समितिको बैठकमा भाग लिएबापत सदस्यहरुले नगरपालिकाका सदस्यहरुले पाए सरह बैठक भत्ता पाउनेछन तर यस्तो भत्ता पाउनका लागी कोष स्वयं सक्षम हुनुपर्नेछ ।

ट) समितिका सम्पुर्ण निर्णयहरु तथा आयब्यय सम्वन्धि विवरण सम्वन्धित सबैको जानकारीका लागी सार्वजनिक गर्नुपर्नेछ ।

ठ) कोष संचालन सम्वन्धि कार्यविधिमा उल्लेखित बाहेक अन्य कुराहरुको हकमा प्रचलित कानुन र कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**९. समितिको काम, कर्तब्य र अधिकार**

समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ः

क) कोष संचालन एवं ब्यबस्थापन सम्वन्धि कार्यविधि कार्यान्वयन गर्ने गराउने,

ख) कोषको बार्षिक बजेट र कार्यक्रम आर्थिक वर्ष अनुसार तर्जुमा गरि कार्ययोजना अनुरुप संचालन गर्ने,

ग) कोषको प्रगति प्रतिवेदन तथा आर्थिक कारोवारको मासिक, चौमासिक एवं बार्षिक प्रगति प्रतिवेदन तयार गरि नगरपालिका र कार्यक्रमसँग सम्वन्धित निकाय वा संघसंस्थामा पेश गर्ने,

घ) कार्यक्रमको संचालन अनुगमन र मुल्यांकनको उपयुक्त नीति तयार गरी सो अनुसार पुरा भए नभएको अनुगमन र मुल्यांकन गरि सामुदायिक संस्थाहरुलाई सुझाव एवं निर्देशनहरु दिने,

ङ) कोषको वृद्धि र विकास का निमित्त आवश्यक रणनीति तयार गर्ने,

च) नगरपालिका र सम्वन्धित निकायहरुको समन्वयमा कार्यक्रमको संचालन सम्वन्धि समस्याहरुको निराकरण गर्ने

छ) कोषको बार्षिक लेखापरिक्षण गराउने

ज) नगरपालिका तहमा सामुदायिक संस्थाहरुको सुचिकृत, अनुगमन र मुल्यांकन गरि प्रगति समिक्षा नियमित रुपमा गर्ने ब्यबस्था मिलाउने,

झ) सामुदायिक संस्थाबाट माग भई आएको लघुकर्जा घुम्तीकोष स्वीकृति र अनुमोदन गर्ने,

ञ) सामुदायिक संस्थाहरुमा लगानी भएको रकमको सदुपयोग र समयमा असुलीका लागी आवश्यक रणनीतिहरु तयगरि कार्यान्वयन गर्ने,

ट) सामुदायिक संस्था र विभिन्न सरकारी र गैरसरकारी निकायहरु विच समन्वय गरि श्रोत परिचालन र कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्ने,

ठ) कार्यक्रमबाट लाभन्वित समुदायको अध्ययन एवं मुल्यांकनका आधारमा महिला, दलित, विपन्न वर्ग र अन्य पछाडीपारिएका वर्ग समुदायहरुलाई प्रत्यक्ष फाईदा पुग्ने रणनीतिहरु तयार गरि कार्यान्वयन गर्ने,

ड) सामुदायिक संस्थाहरुलाई अझ बढी सक्रिय गराई बैधानिक रुपमा वित्तिय लगायत अन्य सुविधाहरु प्राप्त गर्नेगरि सम्वन्धको विकास र विस्तार गर्ने

ढ) कोषले नगरपालिका तहमा सामुदायिक संस्थाहरुको आवश्यकताको आधारमा वित्तिय संस्था, सहकारी तथा अन्य संघसंस्थाबाट बैधानिक रुपमा सेवा र सुविधा उपलब्ध गराउने तर्फ प्रयास गर्ने,

**१०. कोषका कार्यहरु**

ठाकुरबाबा स्थानीय विकास कोष का कार्यहरु देहाय बमोजिमका हुनेछन

क) नगरपालिका क्षेत्रभित्र क्रियाशील सामुदायिक संस्थाहरुको सुची तयार गर्ने

ख) नगरपालिका क्षेत्रका सम्पुर्ण बस्तीहरुमा लक्षित वर्गहरुलाई समेटी गठन गरिएका सामुदायिक संस्थाहरुको लगत तयार गरि तिनीहरुको मुल्यांकन गर्ने, मुल्यांकनबाट अव्वल देखिएका सक्रिय सामुदायिक संस्थाहरुलाई सुचिकृत गर्ने,

ग) मुल्यांकनबाट कमजोर देखिएका सामुदायिक संस्थाहरुको क्षमता विकास र पुर्नगठन गरि सुधार हुनसक्ने भएमा सोको आधारमा सकृय बनाई सुचिकृत गर्ने,

घ) सामुदायिक संस्थाहरु गठन नभएका बस्तीहरुमा लक्षित वर्गका महिला र पुरुषहरुको छुट्टै वा मिश्रित सदस्यहरुको सामुदायिक संस्थाहरु निर्माण गर्ने,

ङ) यसरी गठित सामुदायिक संस्थाहरुको मासिक बैठक र नियमित बचत गर्ने सहयोग गर्ने,

च) सुचिकृत भएका सामुदायिक संस्थाहरुका सदस्यहरुको आयआर्जन क्रियाकलाप संचालन गर्ने कार्ययोजना तयारगर्ने सघाउ पुर्याउने,

छ) कार्ययोजनाका आधारमा विवरण तयार गरि सामुदायिक संस्थाबाट माग भएको लघुकर्जाको सम्वन्धमा आवश्यक मुल्यांकन पश्चात निर्णय गरि लघुकर्जा/ घुम्तीकोष प्रदान गर्ने,

ज) कार्यक्रमबाट लाभान्वीत सदस्यहरुको अध्ययन मुल्यांकनका आधारमा महिला, दलित, विपन्न वर्ग र पछाडी पारिएका वर्ग समुदायलाई प्रत्यक्ष फाईदा पुग्ने गरि कार्यक्रम तर्जुमा गर्ने,

झ) सुचिकृत गरिएका सामुदायिक संस्थाहरुको नियमित रुपमा मुल्यंकन गरि कार्यक्षमताका आधारमा स्तरीकरण गर्ने

ञ) लक्षित समुदायका सदस्यहरुको वित्तिय संस्था तथा सहकारीसम्म पहुँच वृद्धि गरि लघुउद्धम ब्यबसायको विस्तार तथा प्रवद्र्धन गर्ने ।

ठ) स्थानिय श्रोत र साधनको अधिकतम उपभोग गरि ब्यबसायिक प्रवद्र्धन तथा आर्थिक विकासका नयाँ सम्भावनाका क्षेत्रमा समुदायको विकासका लागी साझेदारीका सम्भाब्य अवसरहरुको पहिचान गर्ने,

ड) स्थानिय विकास कोष मार्फत लगानीकै रुपमा हस्तान्तरण भई आएको रकम असुल उपर गरि परिचालन गर्ने ।

**१२) लघुकर्जा घुम्तीकोष परिचालन प्रकृया**

क)स्थानिय विकास कोषबाट लघुकर्जा/घुम्तीकोष परिचालनका लागी प्राप्त साँवा (मुलधन) रकमलाई सामुदायिक संस्था/समुह मार्फत स-साना आय-आर्जन क्रियाकलापहरुमा परिचालन गरिनेछ ।

ख) लघुकर्जा/घुम्तीकोष प्राप्त गर्नकालागी नगरपालिका क्षेत्रभित्र गठन भै स्थानीय विकास कोष मा सुचिकृत भएका सामुदायिक संस्थाहरुले आफ्ना सदस्यहरुको आयआर्जन र उद्यमशिलाता विकास क्रियाकलापको विवरण सहित कर्जा भुक्तानीका लागी  सदस्य हरुको सामुहिक प्रतिवद्धता सहितको निर्णय गरेको हुनुपर्नेछ ।

ग) लघुकर्जा/घुम्तीकोष प्राप्त गर्नका लागी बुँदा नं. (ख) बमोजिमको विवरण सहित कर्जा मागफारम ठाकुरबाबा स्थानीय विकास कोष मा दर्ता भएपछि आवश्यक निर्णयार्थ समितिको बैठकमा पेश गरिनेछ र समितिबाट कर्जा दिने निर्णय भएपछि मात्र स्वीकृत कर्जा उपलब्ध गराईनेछ ।

घ) बुँदा नं. ख) बमोजिम माग गरिएको रकममा कोषमा मौज्दात रकम र सामुदायिक संस्थाको परिपक्वताका आधारमा थपघट गर्ने अधिकार समितिमा रहनेछ ।यस्तो रकम  सामुदायिक संस्थाको आन्तरिक बचतको १० गुणा भन्दाबढी हुनेछैन

छ) लघुकर्जा/घुम्तीकोष बापत सामुदायिक संस्थालाई प्रदान गरिने कर्जामा बार्षिक ४% ब्याज र भाखा नाघेमा २% थप हर्जाना दस्तुर लाग्नेछ । यसरी सामुदायिक संस्थाले लिएको कर्जा आफ्ना सदस्यहरुमा लगानी गर्दा संस्थाको निर्णय बमोजिम बढीमा ६% सम्म ब्याज र ३% हर्जाना लिनेगरि लगानी गर्न सक्नेछ ।

ज) सामुदायिक संस्थाले आयआर्जन क्रियाकलापमा लगानी गर्ने गरि लिएको कर्जा अन्य कार्यमा खर्चगर्न पाईनेछैन । यदि सामुदायिक संस्थाले लिएको रकम पुरै वा आशिक रुपमा भाखा नाघी २ वर्षसम्म तिर्नबाँकी देखिएमा सोको सावाँ, ब्याज र हर्जाना रकम सामुदायिक संस्थाका सम्पुर्ण सदस्यहरुले दामाशाही रुपमा भुक्तानी गर्नुपर्नेछ ।

**१३. कोषका श्रोतहरु**

१) स्थानिय विकास कोषबाट हस्तान्तरित रकम

२) नगरपालिकाले घुम्तिकोष/लघुकर्जा परिचालन गर्नकालागि म्याचिंग गर्न सक्ने रकम

३) कोषको रकम परिचालनबाट प्राप्त हुने ब्याज, हर्जाना तथा सेवाशुल्कको रकम

४) अन्य संघसंस्था, दातृ निकायबाट प्राप्त/हस्तान्तरण हुने रकम

५) कोषले अन्य निकाय वा संघसंस्थाको साझेदारीमा कार्यक्रम संचालन गरेवापत प्राप्त हुने रकम

६) विभिन्न सरकारी तथा राष्ट्रिय, अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुबाट प्राप्त हुने रकम

७) विभिन्न ब्यक्ति तथा निकायबाट प्राप्त हुने दान, दातब्य, चन्दा र पुरस्कारको रुपमा प्राप्त जिन्सी तथा नगद रकम

**१४. कोषको खाता संचालन**

क) कोषको रकम समितिको निर्णय अनुसार कुनै नजिकको बैंकमा छुट्टै खाता खोली राखिने छ ।

(ख) कोषको खाता प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको कर्मचारी एकजना र लेखाप्रमुख वा निजले तोकेको लेखाशाखाको कर्मचारी एकजना गरि २ जनाको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

**१५. कोषको सचिवालय**

कोषको सचिवालय ठाकुरबाबा नगरपालिकाको कार्यालयमा रहनेछ । कोषको काम

कार्वाहीका लागी एउटा छुट्टै छाप हुनेछ ।

१६ कोषको लेखा ब्यबस्था

१.कोषमा देहाय बमोजिमका खाताहरु रहन सक्नेछन ः

क) लघुकर्जा घुम्तीकोष खाता

ख) आम्दानी खाता

ग) कार्यक्रम खाता

२. कोषले नेपाल सरकारद्धारा निर्धारित ढाँचामा खाता ब्यबस्थापन गर्नुपर्नेछ ।

३. लघुकर्जा घुम्तीकोष ब्याबस्थापनका लागी ठाकुरबाबा स्थानीय विकास कोष को कार्यविधिमा उल्लेखित अनुसुची बमोजिमका फर्मेटहरु प्रयोगमा ल्याउन सकिने छ ।

**१७ कोषको लेखापरिक्षण**

क) ठाकुरबाबा स्थानीय विकास कोष को लेखापरिक्षण नगरपालिकाको लेखापरिक्षणसँगै आन्तरिक लेखापरिक्षक र महालेखापरिक्षकबाट गराउनुपर्नेछ ।

ख) लेखापरिक्षण गराउने जिम्मेवारी ठाकुरबाबा स्थानीय विकास कोष समितिको हुनेछ ।

ग) कोषको लेखापरिक्षण प्रतिवेदन नगर कार्यपालिकाको बैठकमा पेशगरि प्राप्त सुझावहरु लाई कार्यान्वयन गराउनु पर्नेछ ।

**१८. ठाकुरबाबा स्थानीय विकास कोष को कर्मचारी सम्वन्धि ब्यबस्था**

क) स्थानिय विकास कोषबाट स्थानिय तहमा कार्यक्रमको स्वामित्व र रकम हस्तान्तरण सँगै खटिने कर्मचारी वा नपाले तोकेको कर्मचारीले ठाकुरबाबा स्थानीय विकास कोष को सदस्य सचिवको रुपमा कार्य गर्नेछन् ।

ख) कोषको साझेदारिमा कुनै कार्यक्रम संचालन गर्नुपर्ने भएमा सो कार्यक्रमकोलागी कर्मचारी भर्ना वा समायोजन गर्न यसले बाधा पारेको मानिने छैन /

**१९ ठाकुरबाबा स्थानीय विकास कोष को रकम खर्च गर्नसक्ने क्षेत्रहरु**

क) ठाकुरबाबा स्थानीय विकास कोष मा लघुकर्जा/घुम्तीकोष परिचालनका लागी प्राप्त हुने साँबा(मुलधन)रकमलाई सामुदायिक संस्था/सदस्यहरुमा लघुकर्जा/घुम्तीकोष परिचालन बाहेक अन्य कुनै पनि शिर्षकमा सिधै वा रकमान्तर गरि खर्च गर्न पाईने छैन ।

ख) ठाकुरबाबा स्थानीय विकास कोष मा प्राप्त आम्दानी रकम, कोषको लघुकर्जा/घुम्तीकोष परिचालनबाट प्राप्त ब्याज, हर्जाना सेवाशुल्क तथा अन्य कुनै पनि शिर्षकहरुबाट प्राप्त आम्दानी रकमलाई देहायका क्षेत्रहरुमा खर्च गर्न सकिनेछ ः

१. ठाकुरबाबा स्थानीय विकास कोष समितिको बैठक खर्च

२. कोषका कर्मचारीहरुका पारिश्रमिक तथा अन्य शेवा सुबिधा

३. कोषका लागी चाहिने कम्पुटर,प्रिन्टर,स्टेशनरी तथा मसलन्द

४. ठाकुरबाबा स्थानीय विकास कोष समितिका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासका लागी आवश्यक तालिम

५. सामुदायिक संस्थाहरुको सक्रियताका लागी उपलब्ध गराउनु पर्ने खाता, रजिष्टर, पासबुक, फर्मेट तथा अन्य सामग्रीहरु खरिद

६. कार्यक्रमको अनुगमन तथा मुल्यांकन खर्च
७. ठाकुरबाबा स्थानीय विकास कोष समितिको निर्णय अनुसार आवश्यक अन्य खर्चहरु

# अनुसुचि-१

## ***संस्थाका सदस्यले संस्थामा ऋणपुंजी माग गर्ने निबेदन***

मितिः......................

श्री अध्यक्ष ज्यू

...................सामुदायिक संस्था

विषय : ऋणपुंजी/घुम्तिकोष रकम उपलब्ध गराई पाँउ ।

उपरोक्त सम्बन्धमा हाम्रो सामुदायिक संस्थाको नियमानुसार म सदस्य क्र.सं. .......लाई ...............व्यवसाय गर्नका लागी संस्थाको नियमानुसारको (भाखा, ब्याज र हर्जाना) सर्तहरु पालना गर्ने गरी रु................................अक्षेरुपी ...................रकम...........महिनाका लागी उपलब्ध गराई दिनहुन हार्दिक अनुरोध गर्दछु ।

**साछि सहित ऋण सिफारिस गर्ने**

१. श्री..................................................सदस्य क्र. सं...........

२. श्री..................................................सदस्य क्र. सं...........

३. श्री..................................................सदस्य क्र. सं...........

**निबेदक**

नामथर.............................

ठेगाना :..............................

बाबु/पतिको नाम................................

सदस्यता नं................................

नागरिता नं................................

# अनुसुचि-२

***सामुदायिक संस्थाले संकलगर्ने ऋणपुँजी/घुम्तिकोष मागको विवरण***

| क. सं. | सदस्यको नाम | गर्न चाहेको व्यवसाय | माग रकम | संस्था वाट स्वीकृत रकम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

दस्तखत.....................
नामथर :...................
सा. संस्था सचिव/कोषाध्यक्ष

दस्तखत.....................
नामथर :...................
सा. संस्था अध्यक्ष

# अनुसुचि-३

***सामुदायिक संस्थाले ऋणपुँजी/घुम्तिकोष माग गर्ने फारम***

मिति:......................

श्री अध्यक्ष ज्यू

ठाकुरवावा नगर विकास कोष

विषय: घुम्तिकोष माग सम्बन्धमा

उपरोक्त सम्बन्धमा यस ठाकुरवावा नगरपालिका वडा नं. ..........अर्न्तगत ..................... गाँउमा गठित ....................... सामुदायिक संस्थाको सदस्यहरुमा संलग्न फारम बमोजिम लगानी गर्नका लागी ठाकुरवावा नगर विकास कोषले तोकेको सर्त एवं सुविधाहरु पालना गर्ने गरि रु .......................... अक्षेरुपी .......................... उपलब्ध गराई दिनहुन हार्दिक अनुरोध छ। तोकिएको समयवधिमा ऋण फिर्ता गर्ने सामुहिक प्रतिबद्धता सहितको समुहको निबेदन यसै साथ संलग्न छ।

*घुम्तिकोष माग विवरण*

| क्र. सं. | सा.सं.को नाम | ठेगाना | सदस्य संख्या | हाल सम्मको आन्ताािक वचत | घुम्तिकेष माग रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

संस्थाको विवरण

संस्थाको नाम — निवेदक

आन्तारिक बचत — अध्यक्ष

सदस्य संख्या — सचिव/कोषध्क्ष

# अनुसुचि-४

ठाकुरबाबा स्थानीय विकास कोष र ............ सामुदायिक संस्था बिच लघु कर्जा/ घुम्ती कोष लिन दिनका लागी गरिने

## सम्झौता पत्र

ठाकुरबाबा स्थानीय विकास कोष (यस पछि प्रथम पक्ष भनिने) र ................... सामुदायिक संस्था (यस पछि दोस्रो पक्ष भनिने) बिच सो सामुदायिक संस्थाले आफ्ना सामुदायिक सदस्यलाई उपलब्ध गराउन ऋण रकम प्राप्त गर्ने पुर्व शर्त, लगानी प्रकृया, सदुपयोगिता र ऋण चुक्ता प्रक्रिया सम्बन्धमा तपसिल बमोजिमका शर्तहरु पालना गर्ने गरि यो सम्झौता-पत्रमा हस्ताक्षर गरिदियौ लियौ ।

**सेवा तथा शर्तहरु**

१. द्धितिय पक्षले नियमित रुपमा आफ्नो बैठक बस्ने बचत संकलन गर्ने र आन्तरीक ऋण परिचालन गर्ने गरेको हुनुपर्नेछ ।

२. प्रथम पक्षले दोस्रो पक्षलाई आफ्ना सदस्यहरुमा लगानी गर्ने गरि रु....... अक्षररुपि........ मात्र कर्जा उपलब्ध गराउनु पर्नेछ । यसरी उपलब्ध गराईएको कर्जा दोस्रो पक्षले तोकिएकै व्यवसायमा लगानी गर्ने गरि आफ्ना सदस्यहरुमा लगानी गर्नुपर्नेछ । तोकिएको बाहेक अन्य कार्यमा उक्त रकम खर्च गरेको पाईएमा जुनसुकै समयमा पनि रकम फिर्ता गर्न लगाउन सकिनेछ ।

३. प्रथम पक्षले दोस्रो पक्षलाई दिने कर्जाको म्याद बढिमा १ वर्ष र व्याजदर ४ प्रतिशत कायम गरिनेछ । समयमा रकम फिर्ता नभएमा २ प्रतिशत थप दस्तुर लाग्नेछ ।

४. दोस्रो पक्षले आफ्ना सदस्यहरुमा लगानी गर्दा उक्त कर्जाको व्याजदर बढिमा ६ प्रतिशत र हर्जना ३ प्रतिशत काम गरिनेछ । यसरी प्रथम पक्षलाई बुझाउने भन्दा बढि रकम व्याज र हर्जना रकम दोस्रो पक्षको आम्दानीको रुपमा राखिनेछ । समयमै कर्जाको सावा र व्याज चुक्ता गर्ने गराउने जिम्मा दोस्रो पक्षमा आवद्ध सम्पुर्ण सदस्यहरुको हुनेछ ।

५. दोस्रो पक्षले प्रथम पक्षबाट लिएको कर्जा लगातार २ वर्ष सम्म पनि फिर्ता नभएमा सम्पुर्ण सदस्यहरुले दामासाहि रुपमा उक्त रकम चुक्ता गर्नु पर्नेछ ।

६. यस सम्झौतामा उल्लेखित बाहेक अन्य कुराहरुको हकमा ठाकुरबाबा स्थानीय विकास कोष र प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

उपरोक्त सेवा शर्तहरु मञ्जुर छौ भनि हस्ताक्षर गर्ने

| प्रथम पक्षको तर्फबाट | साछि | दोस्रो पक्षको तर्फबाट |
|---|---|---|
| | | |

ईति सम्बत २०... साल ....... महिना .......गते रोज......... शुभम

अनुसुचि ५

ठाकुरबाबा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सैनवार, बर्दिया

## ऋण पुजि लगानी भरपाई

हामी ...................... सामुदायिक सस्थाका अध्यक्ष तथा सचिव कोषध्यक्षले ठाकुरबाबा स्थानीय विकासकोषले उपलब्ध गराएको ऋण पुजि घुम्तीकोष रकम रु.................... अक्षरुपि.................... तोकिएका शर्त अनुसार गर्ने गराउने गरि बुझिलिएका छौ, ऋण पुजि भुक्तानी सम्बन्धमा संस्थाको तर्फबाट पुर्ण रुपमा जिम्मेवार हुनेछौ तथा तोकिएको समयमा सावा व्याज भुक्तानी गर्न भाखा नाघेमा हर्जना रकम बुझाउने तथा कोषबाट गरिने कुनैपनि कार्वाहिहरुमा हाम्रो पुर्ण सहमत छ भनि यो भरपाई गरिदियौ लियौ ।

| **बुझाउने** | **बुझिलिने** |
|---|---|
| नाम थर | नाम थरः |
| पदः | पदः |
| कार्यालयः | सा.स.: |

**अनुसुचि ६**

ठाकुरबाबा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सैनवार, बर्दिया

**ऋण असुलि भरपाई**

श्री ............................................ बाट ऋण असुलि बापत साँवा रु................. व्याज र हर्जना रु................. गरि जम्मा रु. ................... सधन्यवाद प्राप्त भयो ।

| | |
|---|---|
| रकम बुझाउनेको | रकम बुझिलिनेको |
| नाम थरः | नाम थरः |
| पदः | पदः |
| सा.स.: | कार्यालयः |

# अनुसुचि ७

ऋणीको दस्तखत

लिखितम धनिका नाम ठाकुरबाबा नगरपालिका, नगर कार्यपालिकाको मितिः२०....।.....।...... को कार्यपालिकाद्धारा पारित ठाकुरबाबा स्थानीय विकास कोष कार्य संचालन कार्यविधी, २०७५ धन बेहोर्ने ऋणीका नाम बर्दिया जिल्ला ठाकुरबाबा नगरपालिका वडा नं......बस्ने श्री....................................का नाती/नातिनी ......................... का छोरा/छोरी/बुहारी वर्ष ......का ठाकुरबाबा नगरपालिका वडा नं..... मा....... टोलमा गठित श्री ................. सामुदायिक संस्थाका अध्यक्ष ना.प्र.न. ........ का श्री ................. ले आफ्नो सामुदायिक संस्थाका सदस्यहरुमा लगानी गर्नेगरि मिति .................. मा पेश गरेको ऋण निवेदनमा उल्लेखित शर्तहरु पालना गर्नेगरि आजका मितिमा रु................. अक्षरुपी ............................................ ऋण लिएको ठिक साँचो हो । उक्त ऋण रकम र सोमा वार्षिक ..... % का दरले व्याज समेत २०...... साल........ महिना .......गते भित्र सम्पुर्ण साँवा तथा व्याज यसै कोषमा बुझाउनेछु । जुन कार्यका लागी ऋण लिएको हो, सो कार्यमा नलगाएमा एवं भाखाभित्र साँवा तथा व्याज बुझाउन नल्याएमा कोषको नियमानुसार लाग्ने हर्जना/विलम्ब शुल्क समेत बुझाउन मञ्जुर छु । कथमकदाचित मैले बुझाउन पर्ने साँवा, व्याज र हर्जाना समेत नबुझाएमा मेरो यस संस्थामा जम्मा भएको बचत रकमबाट र तपसिल बमोजिम को व्यक्तिहरुको जम्मा भएको रकमबाट असुलउपर गरिलिनु र उक्त रकमबाट पनि पुरा असुल हुन नसकेमा अन्य मेरो तथा मेरो एकाघरको सगोलको परिवारको नाममा रहेको चल-अचल श्रीसम्पत्तिबाट प्रचलित कानुन बमोजिम असुलउपर गरिलिनु भएमा कुनै प्रकारको उजुरबाजुर गर्ने छु भनि मेरो राजिखुशी तथा मञ्जुरीले किनाराका साक्षीका रोहवरमा यसै संस्थामा बसी यो तमसुकमा सहीछाँप गरी धनी संस्थालाई दियौ ।

१) **बर्दिया** जिल्ला **ठाकुरबाबा** न.पा. .........वडा नं. ....................टोल बस्ने वर्ष.......... को सदस्य नं. ............ श्री ............................

१) **बर्दिया** जिल्ला **ठाकुरबाबा** न.पा. .........वडा नं. ....................टोल बस्ने वर्ष.......... को सदस्य नं. ............ श्री ............................

१) **बर्दिया** जिल्ला **ठाकुरबाबा** न.पा. .........वडा नं. ....................टोल बस्ने वर्ष.......... को सदस्य नं. ............ श्री ............................

| जमानी बस्ने सदस्यको नाम | सदस्यता नं. | ठेगाना | जमानी बस्न कबुल गरेको रकम | ऋणले भाखा भित्र ऋण चुक्ता नगरेमा मेरो बचत रकमबाट कट्टा गरेमा मञ्जुर छु भनी सही गर्ने । |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**ऋणीको दस्तखत**

दस्तखतः
नामः

इतिसम्वत २०७...... साल.......... महिना ................. गते रोज ............ शुभम् ।

आज्ञाले
पित्री भक्त गिरी
नि. प्रमुख प्रशासकीय अधिकृत